नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह कर्मचारी प्रशासन शाखा)

पत्र संख्या: २०८१/०८२
चलानी नं: ९२५

मिति: २०८१/०५/०२

विषय: कामकाज सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

प्रस्तुत विषयमा तहाँको च.नं. १०३, मिति २०८१/०४/३१ को पत्र तथा पुनर्वास नगरपालिका, कञ्चनपुरको च.नं. १६९, मिति २०८१/०४/३० को सहमति पत्र अनुसार पुनर्वास नगरपालिका, कञ्चनपुरमा प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृतस्तर छैटौं तहमा कार्यरत श्री शंकर बोगटी (कर्मचारी संकेत नं. २३७५४०) लाई पदाधिकार रहेकै निकाय (पुनर्वास नगरपालिका, कञ्चनपुर) बाटै तलब भत्ता भुक्तानी हुने गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेशका माननीय मन्त्रीज्यूको निजी सचिवालयमा कामकाज गर्न खटाइएको व्यहोरा यस मन्त्रालयको मिति २०८१/०५/०२ गतेको निर्णयानुसार अनुरोध छ ।

(उमेश कुमार दाहाल)
शाखा अधिकृत

बोधार्थ:

श्री पुनर्वास नगरपालिका, कञ्चनपुर (निजको पदाधिकार तहाँ नगरपालिकामै कायम रहने व्यहोरा जानकारीको लागि)

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, कञ्चनपुर।

अधिकृत छैटौं श्री शंकर बोगटी, पुनर्वास नगरपालिका, कञ्चनपुर।

सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

(प्रशासन तथा बैठक शाखा)

धनगढी, कैलाली
नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नम्बर: १२३

मिति: २०८१/०५/०४

विषय :- कामकाजमा सम्बन्धमा ।

श्री पुनर्वास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. १२९, मिति २०८१/०५/०२ को पत्रानुसार पदाधिकार रहेके निकाय (पुनर्वास नगरपालिका) बाट नै तलबभत्ता पाउने गरी तहाँ कार्यालयमा कार्यरत अधिकृत छैटौं श्री शंकर बोगटी (क.सं.नं. २३७५४०) लाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्रीज्यूको निजी सचिवालयमा कामकाजमा खटाइएको व्यहोराको जानकारी पत्र यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ तहाँ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८१।५।४

(जगदीश जोशी)
शाखा अधिकृत

<u>बोधार्थ:</u>
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
श्री राष्ट्रिय किताबखाना (निजामती) हरिहरभवन, ललितपुर ।